सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

निर्णय:

१. चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन प्रगतीमा सुधार गर्न सबै मन्त्रालय / निकायले थप प्रभावकारीताका साथ कार्यसम्पादन गर्ने गराउने ।

२. मौजुदा स्थायी दरबन्दी संरचना बमोजिम विभिन्न मन्त्रालय / निकायमा रिक्त रहेका पद / तहको कर्मचारी विवरण तयार गरी बजेट कार्यक्रम कार्यान्वयनको वार्षिक लक्ष्य हासिल गर्ने दृष्टिकोणबाट पदपूर्तिको प्राथमिकता सहित यथाशिघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने ।

३. विभिन्न मन्त्रालय / निकायमा रिक्त रहेका तह / श्रेणीका जनशक्ति प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति नहुन्जेलका लागि कामकाजमा खटाइ पठाइदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने ।

४. नेपालको संविधान बमोजिम प्रदेशको एकल अधिकार सूचीमा रहेका विषयसँग सम्बन्धित क्षेत्रको विधेयकको मस्यौदा तयार गर्न प्राथमिकता दिने ।

५. सबै मन्त्रालय / निकायले आफ्नो मातहत रहेका सम्पूर्ण कर्मचारीहरुको विवरण प्रदेशको अभिलेख व्यवस्थापन प्रणालीमा अनिवार्य रुपमा प्रविष्ट र अध्यावधिक गर्ने व्यवस्था मिलाउने ।

६. प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनलाई थप प्रभावकारी तुल्याई पदपूर्ति प्रक्रियालाई शीघ्रता दिन सबै मन्त्रालय/ निकायले आवश्यक सहयोग र समन्वय गर्ने ।

७. अघिल्ला सचिव बैठकका कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने गराउने।

प्रमुख सचिव